# कोटही महिला सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ४, बर्दिया

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/२७ गते बुधबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ५३०७ मिति २०८३/०२/२६ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **नागरिक राष्ट्रिय दैनिक** पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समयभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आह्वान गरिन्छ।

**तपसिलः-**

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BA/13/21-a01-01-2083/02/27-p | समूहको घाटगद्धीमा | १ देखि ५ सम्म | १ | साल | बि | १३ | ५२.२७ | ९०० | ४७०४३.० | २२४४५५.० | |
| | | | २ | साल | सि | ८ | ५१.९३ | ६०० | ३११५८.० | | |
| | | | ३ | साल | डि | १ | १२.९३ | ३०० | ३८७९.० | | |
| | | | ४ | जामुन | सि | ५ | १२.५८ | १०० | १२५८.० | | |
| | | | ५ | अस्ना | ए | १८ | ३५८.२३ | ४०० | १४३२९२.० | | |
| | | | ६ | अस्ना | बि | १६ | १३२.७२ | ३०० | ३९८१६.० | | |
| | | | ७ | अस्ना | सि | ३१ | १४९.६२ | १०० | १४९६२.० | | |
| | | | ८ | खयर | N | २८२ | १५३.०९ | १००० | १५३०९०.० | | |
| | | | ९ | कर्मा | ए | १३ | २३४.२३ | ४०० | ९३६९२.० | | |
| | | | १० | कर्मा | बि | २९ | ३३७.९ | ३०० | १०१३३७.० | | |
| | | | ११ | कर्मा | सि | ७१ | २९०.०१ | १०० | २९००१.० | | |
| | | | १२ | बाँझी | N | १३ | ७१.८२ | १०० | ७१८२.० | | |
| | | | १३ | तेन्दु | N | ३ | १९.५२ | १०० | १९५२.० | | |
| | | | १४ | कुसुम | N | १७ | १०९.५८ | १०० | १०९५८.० | | |
| जम्मा | | | | | | ४२० | १९८६.३२ | | ६७८६२०.० | २२४४५५.० | |
| BA/13/21-a01-02-2083/02/27-p | समूहको घाटगद्धीमा | साल अन्य मिश्रित दाउरा (२०'x५'x५' को) १.०० चट्टा | | | | | | १२००० | १२०००.० | ४५६००.० | |
| | | अन्य जातको दाउरा (२०'x५'x५' को) ७.०० चट्टा | | | | | | ४००० | २८०००.० | | |
| जम्मा | | | | | | | | | ७१८६२०.० | २७००५५.० | |

**शर्त तथा नियमहरुः**

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/१६ गते मंगलबार  ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/१७ गते बुधबार  ख) समयः मध्यान्ह २:०० सम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/१८ गते बिहीबार  ख) समयः मध्यान्ह ३:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०२/२७ गते बुधबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र खरिद गरी २२ औं दिनको अपरान्ह २ बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा नेपाल बैङ्क लिमिटेड, गुलरिया, बर्दियामा रहेको खाता नं. २४०००१००८१३०६०००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगढ्ढी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेखु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगढ्ढी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

## बजार

सुन तोला - ३०१,९००
चाँदी तोला - ४९२५

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर | १५२.२७ | १५२.८७ |
| युरो | १७६.२ | १७६.९१ |
| पाउन्ड स्टर्लिङ | २०४.०५ | २०४.८५ |

# साउनदेखि सञ्चालनमा आउँदै नागढुंगा–नौबिसे सुरुङमार्ग



काठमाडौं, जेठ २६ (नागरिक)- नेपालको पहिलो व्यावसायिक सुरुङमार्ग 'नागढुङ्गा-सिस्नेखोला सुरुङमार्ग' आगामी साउनदेखि सञ्चालन गर्ने गरी तयारी भइरहेको छ।

नागढुङ्गा-सिस्नेखोला सुरुङमार्ग आयोजनाका प्रमुख सौजन्य नेपालका अनुसार आवश्यक तयारी गरेर आगामी साउनको तेस्रो सातासम्म सुरुङमार्ग सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

हाल सुरुङमार्ग भएर आवतजावत गर्ने सवारी साधनसँग शुल्क उठाउने कम्पनीसँग सम्झौता भई तालिमसहित प्राविधिक काम भइरहेका जानकारी उनले दिए।

'सुरुङमार्ग सञ्चालनका लागि तयारीको सबै काम भइरहेका छन् । हामी सकेसम्म साउनभित्रै आयोजना सञ्चालनमा ल्याउने गरी काम गरिरहेका छौं', आयोजना प्रमुख नेपालले भने।

सुरुङमार्गभित्र उद्धार प्रयोजनका लागि केकस्ता काम गर्ने, आपतकालीन अवस्थामा के गर्ने तथा 'लाइट' एवं 'भेन्टिलेसन' को अवस्था केकस्तो छ भनेर टोल शुल्क उठाउने कम्पनीले आवश्यक तयारी गरिरहेको उनले बताए।

चौबिसै घण्टा सुरुङ सञ्चालनका लागि १५० जना कर्मचारी भर्ना गरिएको छ। ती कर्मचारीलाई सिफ्टका आधारमा परिचालन गरिनेछ।

राष्ट्रियसभाको सार्वजनिक नीति तथा प्रत्योजित विधायन समितिको सोमबारको बैठकमा आयोजना प्रमुख नेपालले आयोजनाको कुल भौतिक प्रगति ९९.५ प्रतिशत र वित्तीय प्रगति ९६ प्रतिशत रहेको जानकारी दिए।

सुरुङमार्ग सञ्चालन तथा व्यवस्थापनका लागि आयोजना र सेवा प्रदायक युसिन-एआरटी जेभीबिच यसअघि औपचारिक सम्झौता भइसकेको छ । सेवा प्रदायक कम्पनीले आगामी पाँच वर्षसम्म सुरुङमार्ग सञ्चालन तथा मर्मतको जिम्मा औपचारिक रूपमा पाएको हो।

सुरुङमार्गको सञ्चालन र मर्मतसम्भारको जिम्मा पाएको सेवा प्रदायकले सिभिल संरचना, मेकानिकल, इलेक्ट्रिकल र सुरुङभित्रका सुरक्षा प्रणालीको नियमित रेखदेख र मर्मत गर्नुपर्नेछ।

सुरुङमार्ग सञ्चालनमा आएपछि लामो र घुमाउरो बाटोबाट थोरै भए पनि यात्रु तथा मालवाहक सवारी साधनले मुक्ति पाउनेछन् । सो आयोजनाको मुख्य सुरुङमार्गको लम्बाइ दुई हजार ६८८ मिटर रहेको आयोजना कार्यालयले जनाएको छ।

आपत्कालीन सुरुङको लम्बाइ दुई हजार ५५७ मिटर रहेको जानकारी आयोजना प्रमुख नेपालले दिए। उनका अनुसार दैनिक आठ हजार सवारी साधन सुरुङमार्ग भएर आवतजावत गर्ने अनुमान गरिएको छ।

दैनिक आठ हजार सवारी साधन सुरुङमार्ग भएर आवतजावत गरे भने वार्षिक ३५ करोड बराबरको टोल शुल्क उठ्नेछ । वार्षिक २२ करोड रकम सेवा प्रदायकलाई उपलब्ध गराउनुपर्नेछ । त्यो भनेको पाँच वर्षका लागि एक अर्ब १० करोड रुपैयाँ बराबर हो।

शुल्क उठाउन विशेष प्राविधिक उपकरण जडान गरिएको छ। सो रकम सडक बोर्ड नेपालको खातामा जम्मा हुनेछ। सेवा प्रदायकलाई भने सरकारले उपलब्ध गराउने छ।

समितिको आजको बैठकमा सांसदहरू गोपाल बस्नेत, मदनकुमारी शाह (गरिमा), रञ्जित कर्ण, चन्द्रबहादुर केसी, पदम परियार, युवराज शर्मा, मीनासिंह रखाल, रुक्मिणी कोइराला, सुनिल थापा, गोमादेवी तिमिल्सिना, सोमनाथ पोर्तेल, नरबहादुर विष्टले सुरुङमार्गको समग्र अवस्थाबारे चासो राख्दै सञ्चालनमा भइरहेको ढिलाइप्रति आपत्ति प्रकट गरे।

उनीहरूले समितिका तर्फबाट सरकारलाई निर्देशन दिनुपर्ने भए आफूहरू तयार रहेको जनाउँदै निर्माण सम्पन्न भइसकेको आयोजना सञ्चालनमा ढिलाइ नगर्न सुझाव दिए।


सुरुङमार्ग निर्माणका क्रममा सिकेको सिप अन्य आयोजनामा पनि प्रयोग गर्नेगरी आवश्यक तयारी गर्न, दक्ष तथा अर्धदक्ष श्रमिकलाई उनीहरूको सिप र क्षमताको कदर गर्नसमेत सांसदहरूले माग गरे।

कोभिड-१९, प्राकृतिक विपद्लगायत कारणले सुरुङमार्ग निर्माणमा केही ढिलाइ भए पनि निर्माण सम्पन्न भइसकेकाले यथाशीघ्र सञ्चालन गर्नुपर्नेमा उनीहरूले जोड दिए।

# कर्णालीको भविष्य बदल्न चिसापानी–बबई सुरुङमार्ग

गणेश विशु/गोविन्द केसी

*बाँके/वीरेन्द्रनगर, जेठ २६*




दशकौंदेखि घुमाउरा सडक, जोखिमपूर्ण मोड र बर्सेनि दोहोरिने पहिरोको सास्ती भेल्दै आएका कर्णालीबासीका लागि एउटा नयाँ आशा पलाएको छ । सरकारले आर्थिक वर्ष २०८४/८५ को बजेटमार्फत बाँकेको चिसापानी र बर्दियाको बबई जोड्ने सुरुङमार्ग निर्माणसम्बन्धी अध्ययन अघि बढाउने घोषणा गरेसँगै यो क्षेत्रका नागरिक उत्साहित बनेका छन्।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्मा प्रस्तुत गरेको बजेट वक्तव्यमा चिसापानी-बबई सुरुङमार्गको अध्ययन गरिने उल्लेख गरेपछि कर्णाली प्रदेशलाई तराईसँग अझ सहजरूपमा जोड्ने सम्भावनाबारे चर्चा सुरु भएको छ। हाल चिसापानी-बबई सडक खण्ड कर्णाली प्रदेशको प्रमुख प्रवेशद्वारका रूपमा परिचित छ। दैनिक सयौं सवारीसाधन यही मार्ग हुँदै आवतजावत गर्छन् । खाद्यान्न, निर्माण सामग्री, कृषि उपजदेखि आपतकालीन सेवासम्म यही सडकमा निर्भर छन्। करिब ३३.२ किलोमिटर लामो यो पहाडी खण्डमा रहेका तीव्र घुम्ती, साँघुरा मोड र पहिरोको उच्च जोखिमका कारण यात्रुहरू सधैं कठिन यात्रा गर्न बाध्य छन्।

सामान्य अवस्थामा पनि यो दूरी पार गर्न एक घण्टाभन्दा बढी समय लाग्ने गरेको छ । वर्षायाममा भने स्थिति अझ चुनौतीपूर्ण बन्छ। सानो वर्षामा समेत सडक अवरुद्ध हुने, पहिरो खस्ने र यातायात घण्टौंसम्म रोकिने गरेकाले यात्रुहरूले ठूलो सास्ती खेप्ने गरेका छन् । कतिपय अवस्थामा सडक खुलाउन चारदेखि पाँच घण्टासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था आउने स्थानीय बताउँछन्। यसले यात्रु मात्र होइन, आपूर्ति प्रणाली र आर्थिक गतिविधिमा समेत असर पार्ने गरेको छ । बिरामीलाई अस्पताल पुर्‍याउन ढिलाइ हुने, विद्यार्थीको आवतजावत प्रभावित हुने र व्यावसायिक ढुवानीमा अतिरिक्त लागत थपिने समस्या वर्षौंदेखि दोहोरिँदै आएको छ।

यही समस्याको दीर्घकालीन समाधानका रूपमा प्रस्तावित चिसापानी-बबई सुरुङमार्गलाई हेरिएको छ । सुरुङ निर्माण भएमा हालको घुमाउरो सडकको दूरी उल्लेखनीयरूपमा घट्नेछ। यात्रा समय छोटिने मात्र होइन, जोखिमपूर्ण मोड र पहिरो प्रभावित क्षेत्रलाई बाइपास गर्न सकिनेछ । यसले यात्रालाई सुरक्षित, सहज र भरपर्दो बनाउने अपेक्षा गरिएको छ। यातायात तथा पूर्वाधार क्षेत्रका जानकारका अनुसार सुरुङमार्ग सञ्चालनमा आएपछि इन्धन खर्च, सवारीसाधनको मर्मत लागत र ढुवानी खर्चसमेत उल्लेखनीयरूपमा घट्नेछ । यसको प्रत्यक्ष लाभ कर्णालीका किसान, व्यवसायी र उपभोक्ताले पाउनेछन्।

विशेषगरी कर्णालीमा उत्पादन हुने कृषि तथा पशुजन्य वस्तुहरू बजारसम्म छिटो र कम लागतमा पुग्ने भएकाले स्थानीय अर्थतन्त्रलाई नयाँ ऊर्जा मिल्ने अपेक्षा गरिएको छ । सहज पहुँचले पर्यटन क्षेत्रलाई पनि टेवा पुग्ने विश्वास गरिएको छ। कर्णालीका प्राकृतिक तथा सांस्कृतिक गन्तव्यहरूमा पर्यटकको आवागमन बढ्न सक्ने सम्भावना देखिएको छ । स्थानीय तह र प्रदेश सरकारका प्रतिनिधिहरूले यसलाई कर्णालीको 'गेम चेन्जर' परियोजनाका रूपमा लिएका छन् । उनीहरूको बुझाइमा यो परियोजना सफल भएमा सडक पूर्वाधारको विकास मात्र हुने छैन, कर्णालीको आर्थिक तथा सामाजिक रूपान्तरणमा समेत महत्त्वपूर्ण योगदान पुग्नेछ।

> चिसापानी-बबई सडक खण्ड कर्णाली प्रदेशको प्रमुख प्रवेशद्वारका रूपमा परिचित छ। दैनिक सयौं सवारीसाधन यही मार्ग हुँदै आवतजावत गर्छन्। खाद्यान्न, निर्माण सामग्री, कृषि उपजदेखि आपतकालीन सेवासम्म यही सडकमा निर्भर छन्। करिब ३३.२ किलोमिटर लामो यो पहाडी खण्डमा रहेका तीव्र घुम्ती, साँघुरा मोड र पहिरोको उच्च जोखिमका कारण यात्रुहरू सधैं कठिन यात्रा गर्न बाध्य छन्।

अहिलेलाई सरकारले अध्ययन प्रक्रिया अघि बढाउने घोषणा गरेको छ । अध्ययनदेखि निर्माणसम्मको यात्रा पूरा भएमा चिसापानी-बबई सुरुङमार्ग कर्णालीका लागि भौतिक दूरी घटाउने माध्यम मात्र नभई विकास, समृद्धि र सहज जीवनतर्फको ऐतिहासिक कदम बन्न सक्ने अपेक्षा गरिएको छ । वर्षौंदेखि जोखिमपूर्ण यात्रा गर्दै आएका हजारौं नागरिकका लागि यो योजना आधुनिक र सुरक्षित यातायात प्रणालीतर्फ खुलेको नयाँ आशाको ढोका बनेर आएको छ।

कोहलपुर-गड्डाचौकी सडक स्तरोन्नतिको अध्ययन हुने सरकारले कोहलपुर-गड्डाचौकी सडक खण्डको स्तरोन्नति सम्बन्धी अध्ययन सम्पन्न गर्ने घोषणा गरेको छ। करिब २०६ किलोमिटर लामो यो सडक खण्डलाई अझ व्यवस्थित, फराकिलो र सुरक्षित बनाउने उद्देश्यसहित अध्ययन अघि बढाइने भएको हो।

सरकारका अनुसार हालको दुई लेन संरचनामा रहेका कतिपय प्राविधिक समस्या, साँघुरा भाग तथा यातायात चापलाई मध्यनजर गर्दै विस्तृत अध्ययन गर्ने तयारी गरिएको छ । अहिले यो सडक खण्ड पार गर्न करिब पाँच घण्टा समय लाग्ने गरेको छ। यद्यपि सडक सञ्जाल विद्यमान भए पनि यसको संरचना अपेक्षाकृत साँघुरो भएकाले आवागमनमा कठिनाइ हुने गरेको छ । कोहलपुर-गड्डाचौकी सडक लुम्बिनी प्रदेशलाई सुदूरपश्चिम प्रदेशसँग जोड्ने महत्त्वपूर्ण राजमार्ग हो । यो सडक हुँदै दैनिक सयौं सवारीसाधन आवतजावत गर्छन् । व्यापारिक ढुवानी, कृषि उपजको आपूर्ति तथा यात्रु सेवाका लागि यो मार्ग अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। सडकको साँघुरोपन र बढ्दो सवारी चापका कारण समयसमयमा जाम, दुर्घटना जोखिम र ढुवानीमा ढिलाइ हुने समस्या देखिँदै आएको छ।

सरकारले स्तरोन्नति गरेपछि यो सडक खण्ड अझ फराकिलो र सुरक्षित हुने अपेक्षा गरिएको छ । पूर्वाधार क्षेत्रका विज्ञहरूका अनुसार सडक स्तरोन्नति भएमा लुम्बिनी र सुदूरपश्चिमबिचको आर्थिक सम्बन्ध अझ मजबुत हुनेछ । व्यापारिक गतिविधि सहज हुने, ढुवानी लागत घट्ने र स्थानीय उत्पादन बजारसम्म छिटो पुग्ने वातावरण बन्नेछ । साथै, पर्यटन क्षेत्रको विकासमा पनि यो सडकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । स्थानीय व्यवसायी र यात्रुहरूले पनि यो योजनालाई सकारात्मक रूपमा लिएका छन् । उनीहरूको भनाइमा स्तरोन्नति भएपछि लामो दूरीको यात्रा सहज मात्र होइन, सुरक्षित पनि बन्नेछ।

सरकारले अध्ययन प्रक्रिया सम्पन्न भएपछि आवश्यक बजेट र कार्ययोजना तयार गरी सडक स्तरोन्नति कार्य अघि बढाउने जनाएको छ । यसलाई पश्चिम नेपालको यातायात पूर्वाधार विकासमा महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना २७ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय सातदोबाटोबाट तपशिलमा उल्लेखित ऋणीहरुल व्यावसायिक अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (प्रन्द्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **बि. आर. मल्टिपर्पोज कम्पनी प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : विन्दु महर्जन श्रेष्ठ
दर्ता नं. : २३८२६५/०७७/०७८ दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७७/०४/०५
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २८ (बागबजार) स्थायी लेखा नं. : ६०९७५९९४७

**अख्तियार प्राप्त व्यक्ति तथा व्यक्तिगत धनजमानीकर्ताको विवरण**

दुर्गा बहादुर श्रेष्ठको छोरी पूर्ण नारायण महर्जनको बुहारी राज कुमार महर्जनको पत्नी काठमाडौं जिल्ला काठमाडौं वडा नं. ३१ हाल, काठमाडौं म.न.पा. वडा नं. २८ बस्ने **विन्दु महर्जन श्रेष्ठ** (ना.प्र.नं : ७९११ जारी मिति र जिल्ला : २०५६/०९/२८, काठमाडौं)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गणेश महर्जनको छोरी कुलमान सिंह महर्जनको बुहारी पूर्ण नारायण महर्जनको पत्नी काठमाडौं जिल्ला का.म.पा. वडा नं. ३१ हाल, काठमाडौं म.न.पा. वडा नं. २८ बस्ने **छोरि महर्जन** (ना.प्र.नं. : ६१४१ जारी मिति र जिल्ला : २०४५/०९/०७, काठमाडौं)

२) पूर्ण नारायण महर्जनको नातिनी राज कुमार महर्जनको छोरी काठमाडौं जिल्ला का.म.पा. वडा नं. ३१ हाल, काठमाडौं म.न.पा. वडा नं. २८ बस्ने **रुबी महर्जन** (ना.प्र.नं. : २७१०६०/१२०३८४ जारी मिति र जिल्ला : २०७०/०६/०१, काठमाडौं)

३) पूर्ण नारायण महर्जनको नाति राज कुमार महर्जनको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३१ हाल, वडा नं. २८ बस्ने **रविन महर्जन** (ना.प्र.नं. : २७-०१-७३-०९६८७ जारी मिति र जिल्ला : २०७३/०७/०४, काठमाडौं)

**ख) कर्जा शिर्षक : व्यक्तिगत आवाधिक कर्जा**

**ऋणीको विवरण**

दुर्गा बहादुर श्रेष्ठको छोरी पूर्ण नारायण महर्जनको बुहारी राज कुमार महर्जनको पत्नी काठमाडौं जिल्ला काठमाडौं वडा नं. ३१ हाल, काठमाडौं म.न.पा. वडा नं. २८ बस्ने **विन्दु महर्जन श्रेष्ठ** (ना.प्र.नं : ७९११ जारी मिति र जिल्ला : २०५६/०९/२८, काठमाडौं)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गणेश महर्जनको छोरी कुलमान सिंह महर्जनको बुहारी पूर्ण नारायण महर्जनको पत्नी काठमाडौं जिल्ला का.म.पा. वडा नं. ३१ हाल, काठमाडौं म.न.पा. वडा नं. २८ बस्ने **छोरि महर्जन** (ना.प्र.नं. : ६१४१ जारी मिति र जिल्ला : २०४५/०९/०७, काठमाडौं)

२) पूर्ण नारायण महर्जनको नातिनी राज कुमार महर्जनको छोरी काठमाडौं जिल्ला का.म.पा. वडा नं. ३१ हाल, काठमाडौं म.न.पा. वडा नं. २८ बस्ने **रुबी महर्जन** (ना.प्र.नं. : २७१०६०/१२०३८४ जारी मिति र जिल्ला : २०७०/०६/०१, काठमाडौं)

३) पूर्ण नारायण महर्जनको नाति राज कुमार महर्जनको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३१ हाल, वडा नं. २८ बस्ने **रविन महर्जन** (ना.प्र.नं. : २७-०१-७३-०९६८७ जारी मिति र जिल्ला : २०७३/०७/०४, काठमाडौं)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०८२ साल चैत महिना २ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८३ साल बैशाख महिना २१ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| छोरि महर्जन | काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३१ (डिल्लीबजार) | ३१ | १२०४ | १३७.१० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल असार महिना १० गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय सातदोबाटो आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना ११ गते विहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय सातदोबाटोमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## वर्गीकृत विज्ञापन/डिस्प्ले

### घरजग्गा

कीर्तिपुर-६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमा: ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

### सम्पर्क

**फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०**

### तुरुन्तै चाहियो

रिसोर्टको लागि कर्मचारी आवश्यकता खाने बस्ने सुविधा समेत छ।

१. मेनेजर ३० + २ वर्षको अनुभव
२. अलराउण्डर सेफ- १ तलब ४०,०००।- कम्तिमा १० वर्षको अनुभव भएको।
३. कुक- २ जना बलब ३० + १० वर्ष अनुभव भएको।
४. किचेन हेल्पर २ जना तलब २० + ५ वर्ष अनुभव
५. मसाल्ची २ जना तलब १२
६. वेटर ६ जना तलब १५+ २ वर्ष अनुभव
७. वेटर क्याप्टेन १ तलब १८ + ५ वर्ष अनुभव
८. हाउस किपिङ २ तलब १५ + २ वर्ष अनुभव
९. रिसेप्सनिष्ट १ तलब २० + २ वर्ष अनुभव
१०. सरसफाई गर्ने २ बुढाबुढी तलब १५
११. गार्ड २ भू.पु. आर्मी, पुलिस तलब १५ +

**नुवाकोट शिवपुरी -८, काफलडाँडा**
**सम्पर्क नं. ९७०८५७७८०३, ९८५१२३३३०१**
**नोट: आउँदा बायोडाटा, नागरिकता अनिवार्य चाहिने छ।**

**EMBASSY OF INDIA REGIONAL CENTRE ECHS, DEFENCE WING, KATHMANDU, NEPAL**

**INVITING BIDS FOR CONSTRUCTION OF COLD STORAGE ROOM AT ECHS POLYCLINICS KATHMANDU, POKHARA, DHARAN, BUTWAL AND KOHALPUR (NEPAL)**

1. Sealed tender documents/ quotations are invited directly from reputed bidders for construction of cold storage room at ECHS Polyclinics Kathmandu, Pokhara, Dharan, Butwal and Kohalpur.
2. The last date of receipt of offer in sealed envelope is on or before 30 Jun 2026 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np. The bid documents can be collected from Regional Centre ECHS, Defence Wing, Embassy of India, Kathmandu. Tele No **4001569.**

AMA (ECHS) RC ECHS
Defence Wing
Embassy of India, Kathmandu
(Nepal)

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति: २०८३/०२/२७ गते बुधबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको साल लगायत जातको गोलिया थान ४२० को १९८६.३२ घ.फि.काठ र साल मिश्रित/अन्य दाउरा ८.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छाईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएकोछ।

**कोटही महिला सा.व.उ.स.**
मधुवन-४, बर्दिया

### वर्गीकृत डिस्प्ले

**कलर प्रति बक्स**
१X५ = रु.१८००/-* मात्र
१X१० = रु.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X५ = रु.१२५०/-* मात्र
१X१० = रु.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com



अनुसूची - २८

(मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ नियम ८४ को उपनियम (१) खण्ड (झ) सँग सम्बन्धित)

**बर्दिया जिल्ला अदालत**

**लिलाम बढाबढको सूचना (दोस्रो पटक)**

बिगो नं.२५८

**बादी जिल्ला बर्दिया गुलरिया न.पा. बडा नं. ७ बस्ने ईन्दिरा देवी पोखेलको मृत्यु भई निजको हकमा मुद्दा सकार गर्ने सुभाष पोखेल** प्रतिवादी जिल्ला रौतहत कनकपुर गा.वि.स. वडा नं. २ हाल जिल्ला बाँके नेपालगंज उ.म.न.पा. वडा नं. १० रानी तलाउ नजिक बस्ने शेख जमालुद्दिनको छोरा शेख प्रवेज आलम भएको चेक अनादर मुद्दामा बर्दिया जिल्ला अदालतबाट मिति २०८२।०३।२९ मा भएको फैसला बमोजिम वादीले प्रतिवादीबाट भरि पाउने ठहरेको चेकमा उल्लिखित रकम रु.३७,००,०००।- (सैतीस लाख रुपैयाँ), सोको चेक काटिएको मिति २०८०।११।१९ देखि लिलाम हुने दिनसम्मको ब्याज रु.८,५३,०५५।- समेत जम्मा बिगो रु.४५,५३,०५५।-(पैंतालीस लाख त्रिपन्न हजार पचपन्न रुपैयाँ) प्रतिवादीले वादीलाई नगदै नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा बादीले फैसला बमोजिम प्रतिवादीबाट भरि पाउने बिगो तपसिल बमोजिमको सम्पत्तिबाट भराइ पाउँ भनी वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पत्ति मिति २०८३।०२।११ गते यस अदालतमा लिलाम बढाबढ हुँदा कोही कसैले लिलाम सकार गर्न नआएकोले दोस्रो पटक मिति २०८३।०३।०९ गते लिलाम बढाबढ हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | जग्गाधनीको नामथर | जिल्ला | गा.वि.स. | वडा.नं. | कि.नं. | क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक |
|---|---|---|---|---|---|---|---|
| १. | शेख प्रवेज आलम, अनिस अहमद जोलाहा र तजुध्दिन हलवाई | बर्दिया | गुलरिया | ८ख | ४२१९ | ०-६-० ज.बि. मध्ये दक्षिणतर्फबाट ०-२-० ज.बि. | विगो रु.४५,५३,०५५।-(पैंतालीस लाख त्रिपन्न हजार पचपन्न रुपैया) भएता पनि पञ्चकृते मूल्याङ्कन रु. १३,००,०००।- (तेह्र लाख रुपैयाँ) बाट डाँक बोल्नु पर्ने। |



**नेपाल रिपब्लिक मिडिया लि. काठमाण्डौ**

**गोप्य शिलबन्दी आव्हान रद्द गरिएको बारे**

प्रथम पटक प्रकाशित मिति २०८२।१२।२७ नागरिक दैनिक पत्रिकामा नेपाल रिपब्लिक मिडिया लिमिटेडको गोप्य शिलबन्दी आव्हान रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।